# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं माघ २१ गते ०८ साल

## भाग १०

## रक्षामंत्रालयको विज्ञप्ति

श्री ५ महाराजाधिराज र श्रीमाननीय प्रधान मंत्रीजीहरुको चलिआएको सलामीमा निम्नलिखित संशोधन भएको छ।

### श्री ५ महाराजाधिराजको सलामी

श्रीमान् गम्भीर नेपाली प्रचण्डप्रतापी भूमिपति।
श्री पाँचसरकार महाराजाधिराजको सदा रहोस् उन्नति।
राखून चिरायु ईशले प्रजा फैलियोस् पुकारौं जय प्रेमले।
हामी नेपाली भाइ साराले।
वैरी सारा हराउन् शान्त होउन् सबै विघ्न व्यथा।
गाउन् सारा दुनीयाँले सहर्ष नाथको सुकीर्तिकथा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

924